बर्दिया जिल्ला अदालत
गुलरिया
श्री

बर्दिया जिल्ला अदालत

सूचना !!!!! सूचना !!!!! सूचना !!!!!

मितिः २०८३।०६।१३

प्रस्तुत सन्दर्भमा नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा २८ तथा लेखापढी व्यवसायी सम्बन्धी नियमावली, २०५१ को नियम ३ बमोजिम र बर्दिया जिल्ला अदालत परीक्षा, अनुगमन तथा अनुशासन समितिको मिति २०८३/०६/१३ को निर्णय अनुसार देहायको योग्यता पुगेका लेखापढी व्यवसायीको प्रमाणपत्र लिन इच्छुक व्यक्तिले यो सूचना प्रकाशित भएको मितिले २१(एक्काईस) दिन भित्र देहायका कागजात संलग्न राखी रीतपूर्वकको दरखास्त दिन हुन यो सूचना प्रकाशित गरिएको छ।

<u>देहायः</u>

१. निवेदन दिनका लागि आवश्यक योग्यताः
   - १८ वर्ष उमेर पुगेका नेपाली नागरिक
   - मान्यता प्राप्त शैक्षिक संस्थाबाट माध्यमिक शिक्षा परीक्षा (एस.ई.ई) वा सो सरहको शैक्षिक योग्यता उत्तीर्ण गरेको
   - किर्ते जालसाजी मुद्दामा अदालतबाट सजाय नपाएको
२. निवेदन दस्तुरः रु. १०००/-
३. निवेदन साथ पेश गर्नुपर्ने कागजातः
   - नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
   - शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
   - २ प्रति पासपोर्ट साइज फोटो
   - किर्ते जालसाजी मुद्दामा अदालतबाट सजाय नपाएको भनी गरेको स्वघोषणा पत्र
४. निवेदन बुझाउने स्थान र समयः बर्दिया जिल्ला अदालत, प्रशासन शाखा, कार्यलय खुल्ने दिन दिउँसो ३ बजेदेखि ४:३० सम्म
५. निवेदनको ढाँचा नियमावलीले तोके बमोजिम हुनेछ।
६. प्रवेश पत्र वितरण, परीक्षा मिति र परीक्षा केन्द्रबारे पछि प्रकाशन गरिनेछ। परीक्षा सम्बन्धी थप जानकारीको लागि बर्दिया जिल्ला अदालतको प्रशासन शाखामा सम्पर्क गर्नुहोला ।

२०८३।०६।१३
शाखा अधिकृत